जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : २७ २०८३ साल वैशाख ३० गते, बुधबार Wednesday, May.– 13 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## तेलकुवामा क्रसर उद्योगको मनपरी : अनुगमन समितिको मौनताले तीव्र चुरे दोहन र खुला राजस्व छली

***संवाहक सम्वादाता**-२९वैशाख, कलैया*



बाराको तेलकुवा क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरूविरुद्ध स्थानीयवासीले गम्भीर प्रश्न उठाएका छन्। डोरा नदी आसपास मापदण्डविपरीत भइरहेको उत्खनन, चुरे दोहन, राजस्व छली र वातावरणीय प्रदूषणले जनजीवन प्रभावित बनेको भन्दै उनीहरूले तत्काल कारबाहीको माग गरेका छन्।

स्थानीयका अनुसार तेलकुवामा सञ्चालित केही क्रसर उद्योग दर्ता र नवीकरणबिनै सञ्चालन भइरहेका छन्। तर सम्बन्धित निकाय र अनुगमन समिति भने मौन बसेको आरोप छ। जिल्ला समन्वय समिति, प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित कार्यालयहरूको सहभागितामा अनुगमन समिति गठन भए पनि प्रभावकारी निगरानी नहुँदा अवैध उत्खनन झन् तीव्र बनेको स्थानीयको भनाइ छ।

विशेषगरी चुरे क्षेत्रको अत्यधिक दोहनले वातावरणीय जोखिम बढ्दै गएको छ। नदीजन्य पदार्थको जथाभावी उत्खननले नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै भूक्षय, बाढी जोखिम र खेतीयोग्य जमिनमा क्षति पुग्न थालेको स्थानीयले बताएका छन्। भारी मेसिन प्रयोगका कारण बस्तीमा धुलो र ध्वनि प्रदूषण बढेको छ भने बालीनालीमा समेत नकारात्मक असर देखिन थालेको छ। राजस्व छलीको विषय पनि उत्तिकै गम्भीर बनेको छ। स्थानीयका अनुसार एक टिपर बालुवा वा गिट्टीको बजार मूल्य २२ देखि २४ हजार रुपैयाँसम्म भए पनि उद्योगहरूले ७–८ हजार रुपैयाँको मात्रै बिल काट्ने गरेका छन्। यसरी न्यून बिलिङमार्फत राज्यलाई ठूलो राजस्व घाटा पुर्याइएको आरोप छ। उपभोक्ताले वास्तविक बिल माग्दा दबाब दिने र पहुँचको धाक देखाउने गरिएको गुनासोसमेत बढ्दो छ।

स्थानीयवासीले केही क्रसर उद्योग राजनीतिक र प्रशासनिक संरक्षणकै आडमा सञ्चालन भइरहेको आरोप लगाएका छन्। “अनुगमन समिति छ, तर अनुगमन छैन,” स्थानीयको गुनासो छ। उनीहरूका अनुसार नियम कानुन सर्वसाधारणका लागि मात्रै लागू भइरहेको छ, जबकि प्रभावशाली उद्योग सञ्चालकहरू

बाँकी तेस्रो पृष्ठमा

## बारामा एसईई नतिजा कमजोर : ४६ प्रतिशत मात्र उत्तीर्ण

***संवाहक सम्वादाता**-२९वैशाख, कलैया*





राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजा अनुसार बारामा यस वर्षको नतिजा कमजोर देखिएको छ। जिल्लामा परीक्षामा सहभागी विद्यार्थीमध्ये केवल ४६ प्रतिशत मात्र उत्तीर्ण भएका छन्।

शिक्षा विकास तथा समन्वय इकाइ बाराका अनुसार साधारण धारतर्फ कुल ८ हजार ३ सय ७७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये ३ हजार ८ सय ९९ विद्यार्थी (४६.५४ प्रतिशत) मात्र ग्रेड प्राप्त गर्न सफल भएका छन् भने ४ हजार ४ सय ७८ विद्यार्थी नन–ग्रेडेड भएका छन्। साधारण धारतर्फ ५ जना विद्यार्थीले ४.० जिपिए प्राप्त गरेका छन्।

त्यसैगरी प्राविधिक धारतर्फ ३ सय ७६ विद्यार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये १ सय ८९ जना (५०.२६ प्रतिशत) उत्तीर्ण भएका छन् भने १ सय ८७ विद्यार्थी नन्–ग्रेडेड भएका छन्।

बाँकी तेस्रो पृष्ठमा

## ट्रान्सफर्मर पडकिदा घाइते मजदुरको मृत्यु, क्षतिपूर्तिको माग गर्दै प्रदर्शन

***संवाहक सम्वादाता**-२९वैशाख, कलैया*



स्थित एक उद्योगमा ट्रान्सफर्मर जडान गर्ने क्रममा गम्भीर घाइते भएका मजदुरको उपचारका क्रममा मृत्यु भएको छ। पर्साको बहुदरमाई नगरपालिका-३ निवासी ४५ वर्षीय चनरजित राउतको काठमाडौंस्थित वीर अस्पतालमा उपचारका क्रममा आज मृत्यु भएको परिवार स्रोतले जनाएको छ। राउत वीरगञ्ज महानगरपालिका-२३ मा रहेको सन तारा इलेक्ट्रिक प्रालिमा कार्यरत थिए। उनी जितपुर-सिमरा उपमहानगरपालिका-२३ भलुईस्थित एभरेस्ट छाला कम्पनीमा ट्रान्सफर्मर जडान गर्ने क्रममा अचानक भएको विस्फोटमा गम्भीर घाइते भएका थिए। विस्फोटका कारण उनको शरीरको अधिकांश भाग जलेको बताइएको छ। प्रारम्भिक उपचारपछि थप उपचारका लागि उनलाई काठमाडौं लगिएको थियो। तर उपचारकै क्रममा उनको मृत्यु भएपछि परिवारमा शोक छाएको छ। घटनापछि मृतकका परिवारजन र आफन्तहरूले एभरेस्ट छाला कम्पनी अगाडि प्रदर्शन गर्दै उचित क्षतिपूर्ति, राहत तथा घटनाको जिम्मेवारी कम्पनीले लिनुपर्ने माग गरेका छन्। प्रदर्शनकारीहरूले मजदुरको सुरक्षामा लापरवाही भएको आरोपसमेत लगाएका छन्।

घटनाबारे सम्बन्धित निकायले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## सिमरामा बजार अनुगमन : नारायणी फुड्सलाई २० हजार जरिवाना

***संवाहक सम्वादाता**-२९वैशाख, कलैया*



बाराको जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा मंगलबार संयुक्त बजार अनुगमन गरिएको छ। जिल्ला प्रशासन कार्यालय बाराको नेतृत्वमा विभिन्न सरकारी निकाय र सरोकारवाला संस्थाहरूको टोलीले वडा नं. १ र २ भित्रका खाद्य, किराना तथा मिठाई पसलहरूको निरीक्षण गरेको हो।

अनुगमनका क्रममा नारायणी फुड्स उद्योगले खाद्य सामग्रीमा आवश्यक लेबल तथा विवरण नसमेटी उत्पादन बिक्रीका लागि पठाएको भेटिएपछि उपभोक्ता संरक्षण ऐनअनुसार २० हजार रुपैयाँ जरिवाना गरिएको छ।

अन्य पसलहरूमा पनि सामान्य त्रुटिहरू देखिएपछि सम्बन्धित व्यवसायीहरूलाई कानुनअनुसार सम्पूर्ण मापदण्ड पालना गर्न र व्यवसायलाई पारदर्शी बनाउन निर्देशन दिइएको छ। अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण

बाँकी तेस्रो पृष्ठमा

## खुला सिमाना, मौलाउँदै तस्करी र मौन राज्य

***“खुला सीमाना, कमजोर निगरानी र झन्झटिलो भन्सार प्रक्रियाले तस्करी बढेको छ। सीमामा कडाइ हुँदा सर्वसाधारण मारमा पर्छन्, तर तस्कर उम्किन्छन्। तस्करी रोक्न सरल भन्सार, कडा निगरानी र इमानदार कार्यान्वयन आवश्यक छ।”***



नेपाल-भारत खुला सीमाना दुई देशबीचको ऐतिहासिक सम्बन्ध, सामाजिक घुलमिल र आर्थिक सहकार्यको प्रतीक मानिन्छ। तर यही खुलापन पछिल्लो समय तस्करी, राजस्व छलि, अवैध कारोबार र संगठित अपराधको मुख्य माध्यम बन्दै गएको छ। सीमावर्ती जिल्लाहरूमा दिनहुँ कपडा, काजु, चकलेट, औषधि, इलेक्ट्रोनिक्स, लागूऔषध तथा अन्य विभिन्न सामान भन्सार छलेर नेपाल भित्रिने क्रम बढिरहेको छ। खुला नाकाबाट राज्य कमजोर बन्दै गएको छ भने अवैध कारोबार गर्ने गिरोह बलियो हुँदै गएका छन्।

तस्करीको सबैभन्दा ठूलो असर राज्यको राजस्वमा पर्छ। सरकारले विकास निर्माण, शिक्षा, स्वास्थ्य, सुरक्षा र पूर्वाधारका लागि कर उठाउने गर्छ। तर जब सामान भन्सार नतिरी अवैध रूपमा भित्रिन्छ, तब राज्यले पाउनुपर्ने अर्बौं रुपैयाँ राजस्व गुमाउँछ। राजस्व कमजोर हुँदा त्यसको असर सिधै जनतामा पर्छ। सडक अधुरा रहन्छन्, अस्पतालमा सेवा कमजोर हुन्छ, विद्यालयमा लगानी घट्छ, रोजगारीका अवसर कम हुन्छन्। अर्थात् तस्करी केवल सामान ओसारपसारको विषय होइन, यो राज्यको आर्थिक मेरुदण्डमाथिको प्रहार हो।

विडम्बना के छ भने तस्करीबाट आम नागरिकले खास लाभ पाउँदैनन्। धेरैले “तस्करीको सामान सस्तो हुन्छ” भन्ने बुझाइ राख्छन्, तर बजारको वास्तविकता फरक छ। भन्सार नतिरी ल्याइएको सामान पनि व्यापारीले महँगै मूल्यमा बेचिरहेका हुन्छन्। उपभोक्ताले गुणस्तरको ग्यारेन्टी नपाएको सामान महँगै किन्नुपर्छ, तर नाफा सीमित तस्कर समूह, बिचौलिया र सेटिङमा संलग्न व्यक्तिहरूले मात्र कमाउँछन्। कानुनी रूपमा कर तिरेर व्यवसाय गर्ने व्यापारी भने प्रतिस्पर्धामा कमजोर बन्छन्। यसले इमानदार व्यवसायीलाई निरुत्साहित बनाउँदै अवैध कारोबारीलाई प्रोत्साहन गरिरहेको छ।

सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मीमाथिपनि अनेक प्रश्न उठिरहेका छन्। स्थानीय नागरिकहरू खुलेआम भन्छन्– “तस्करी कसले गर्छ भन्ने प्रहरीलाई थाहा हुन्छ, तर समातिँदैन।” कतिपय अवस्थामा अवैध असुली, मिलेमतो, राजनीतिक दबाब वा बदनामीको डरले कारबाही कमजोर हुने आरोप लाग्ने गरेको छ। यदि ठूलो तस्करी समातियो भने त्यससँग जोडिएको अवैध असुली वा आन्तरिक सेटिङको पोल खुल्ने भय पनि रहने चर्चा हुने गर्छ। यही कारण कतिपय घटनामा प्रहरी जानकार हुँदाहुँदै मौन बस्ने आरोप लाग्ने गरेको छ।

तर यसको अर्को यथार्थ पनि छ, जसलाई नजरअन्दाज गर्न मिल्दैन। नेपाल प्रहरी र सशस्त्र प्रहरीका धेरै कर्मचारी न्यून तलबमा अत्यन्त कठिन परिस्थितिमा काम गरिरहेका छन्। परिवारको खर्च, बालबच्चाको शिक्षा, सामाजिक जिम्मेवारी र महँगीबीच उनीहरूको जीवन सहज छैन। ड्युटीको निश्चित समय हुँदैन। चाडपर्व, विवाह, दुर्घटना, आन्दोलन, दंगा, प्राकृतिक विपत्ति वा सुरक्षा संकट–हरेक अवस्थामा प्रहरी अग्रपंक्तिमा खटिनुपर्छ। अरू

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# सीमामा तस्करको राज, राज्य निरीह !

बारा, रौतहट र पर्साका सीमावर्ती नाकाहरू आज खुला सीमा होइन, संगठित तस्करी सञ्जालका सुरक्षित करिडोरजस्ता देखिन थालेका छन्। विशेषगरी पिपरपाती नाका यतिबेला राज्यको उपस्थिति कमजोर र तस्करको प्रभाव बलियो भएको प्रतीक बन्दै गएको छ। रात पर्नासाथ सीमामा सक्रिय हुने गिरोहले कपडा, काजु, चकलेट, सुर्ती, मदिरादेखि हार्डवेयरसम्मका सामान निर्बाध रूपमा नेपाल भित्र्याइरहेका छन् भन्ने स्थानीयको आरोप सामान्य विषय होइन। यो सीधा राज्य संयन्त्रमाथिको अविश्वास हो। स्थानीयले खुला रूपमा "खेना" र "अरबिन्द" समूहको नाम लिएर तस्करी सञ्जाल सञ्चालन भइरहेको आरोप लगाइरहेका छन्। यदि सीमामा यति ठूलो परिमाणमा सामान ओसारपसार भइरहँदा पनि सुरक्षा निकाय अनभिज्ञ छ भने त्यो अक्षम्यता हो, र यदि देखेर पनि मौन छ भने त्यो गम्भीर मिलेमतोको संकेत हो। किनकि सामान्य नागरिकले बोकेको झोलासम्म चेकजाँच गर्ने संयन्त्रले रातभर मोटरसाइकलको लाइन देख्दैन भन्नु विश्वासयोग्य हुँदैन। अझ विडम्बना त के छ भने, कानुनी व्यापार गरेर कर तिर्ने व्यापारीहरू बजारमा टिक्न संघर्ष गरिरहेका छन्, तर तस्करीको सामान खुलेआम बजारमा पुगिरहेको छ। यसले वैधानिक व्यवसायलाई धराशायी बनाइरहेको छ भने राज्यको राजस्वमा अर्बौंको क्षति पुऱ्याइरहेको छ। सीमामा हुने यस्तो अवैध कारोबार केवल आर्थिक अपराध मात्र होइन, यसले आपराधिक सञ्जाल, कालो धन र राजनीतिक संरक्षणको दुर्गन्धसमेत बोकेको हुन्छ।

पर्साको श्रीपुर क्षेत्रमा परिचालित भनिएको "क्युआर टोली" माथि लागेको मिलेमतो र असुलीको आरोप झन् भयावह छ। यदि सुरक्षाका नाममा खटिएका संयन्त्र नै लाइन मिलाउने भूमिकामा देखिन थाले भने सीमाको सुरक्षा कसले गर्ने ? जनताले कर किन तिर्ने ? अनि राज्यप्रतिको भरोसा कसरी जोगिने ?

सबैभन्दा गम्भीर कुरा, एउटै प्रकृतिका गुनासा बारम्बार सार्वजनिक भइरहँदा पनि सम्बन्धित निकायबाट प्रभावकारी अनुसन्धान, कारबाही वा सार्वजनिक जवाफ आउँदैन। यसले शंका अझ बलियो बनाउँछ–कतै तस्करी सञ्जालले सीमास्तर मात्र होइन, प्रशासनिक र राजनीतिक तहसम्म पहुँच बनाइसकेको त छैन ?

अब पनि राज्य मौन बसिरहने हो भने भोलि सीमामा कानुन होइन, तस्करको आदेश चल्ने अवस्था आउन सक्छ। त्यसैले सरकार, सुरक्षा निकाय र प्रशासनले "सबै ठीक छ" भन्ने पुरानो शैली त्यागेर तत्काल निष्पक्ष छानबिन, संलग्नमाथि कठोर कारबाही र सीमामा वास्तविक नियन्त्रण स्थापित गर्नुपर्छ। अन्यथा जनता निष्कर्षमा पुग्न बाध्य हुनेछन्–सीमामा तस्कर मात्रै होइन, राज्यकै संरक्षणमा तस्करी फस्टाइरहेको छ।

# शिक्षामा भावनात्मक बुद्धिमत्ता

शिक्षामा भावनात्मक बुद्धिमत्ताको भूमिका महत्वपूर्ण छ। यसले विद्यार्थीमा आन्तरिक प्रेरणा र आत्मविश्वास बढाउँछ। जब विद्यार्थीले आफ्ना भावना बुझ्न र स्विकार्न सिक्छन्, उनीहरू सिकाइप्रति सकारात्मक हुन्छन्। यस्तो आत्मविश्वासले उनीहरूलाई नयाँ कुरा सिक्न, जिज्ञासा बढाउन र चुनौतीलाई अवसरका रूपमा लिन प्रेरित गर्छ।



रविप्रसाद बराल



भावनात्मक बुद्धिमत्ता (इमोसनल इन्टेलिजेन्स-इआई) भनेको व्यक्तिले आफ्ना तथा अरूका भावना बुझ्ने, नियन्त्रण गर्ने र सकारात्मक रूपमा उपयोग गर्ने क्षमता हो। यो केवल भावना महसुस गर्ने कुरा मात्र होइन; आफ्नो भावना सही तरिकाले व्यवस्थापन गर्दै राम्रो निर्णय लिन, स्वस्थ सम्बन्ध बनाउन र समस्या समाधान गर्न सक्ने महत्वपूर्ण जीवन सिप हो। आजको शिक्षामा भावनात्मक बुद्धिमत्ता (इआई) बौद्धिक क्षमता (आइक्यु) जत्तिकै महत्वपूर्ण मानिन्छ।

भावनात्मक बुद्धिमत्ताका प्रमुख पक्षमध्ये आत्मचेतनाले व्यक्तिलाई आफ्ना भावना, कमजोरी र क्षमता बुझ्न मद्दत गर्छ; जसले सिकाइ र आत्म-विकासमा सुधार ल्याउँछ। आत्म-नियन्त्रणले रिस, डर र तनाव जस्ता भावनालाई सन्तुलित राख्न सहयोग गर्छ। यसले कठिन अवस्थामा पनि ध्यान केन्द्रित गर्न सजिलो बनाउँछ। सामाजिक चेतनाले अरूका भावना बुझ्ने र सहानुभूति देखाउने क्षमता विकास गर्छ र कक्षामा सहयोग र आपसी सम्मान बढाउँछ। सम्बन्ध व्यवस्थापनले साथी, शिक्षक र परिवारसँग राम्रो सम्बन्ध बनाउन र विवादलाई शान्तिपूर्ण रूपमा समाधान गर्न मद्दत गर्छ। यी सिपले विद्यार्थीलाई केवल पढाइमा मात्र होइन, दैनिक जीवनमा पनि सफल र सन्तुलित बन्न सहयोग पुऱ्याउँछन्।

### *शिक्षामा भावनात्मक बुद्धिमत्ता*

शिक्षामा भावनात्मक बुद्धिमत्ताको भूमिका महत्वपूर्ण छ। यसले विद्यार्थीमा आन्तरिक प्रेरणा र आत्मविश्वास बढाउँछ। जब विद्यार्थीले आफ्ना भावना बुझ्न र स्विकार्न सिक्छन्, उनीहरू सिकाइप्रति सकारात्मक हुन्छन्। यस्तो आत्मविश्वासले उनीहरूलाई नयाँ कुरा सिक्न, जिज्ञासा बढाउन र चुनौतीलाई अवसरका रूपमा लिन प्रेरित गर्छ। परिणामस्वरूप उनीहरू पढाइमा बढी सक्रिय देखिन्छन्। भावनात्मक बुद्धिमत्ताले कक्षाको वातावरणलाई पनि सकारात्मक र सहयोगात्मक बनाउँछ। जब शिक्षक र विद्यार्थीबिच आपसी सम्मान, विश्वास र समझदारी हुन्छ; सिकाइ अझ प्रभावकारी हुन्छ। भावनात्मक बुद्धिमत्ता उच्च भएका विद्यार्थीले साथीको भावना बुझ्ने, सहयोग गर्ने र समूहमा मिलेर काम गर्ने सिप विकास गर्छन्। यसले कक्षामा झगडा र द्वन्द्व घटाई राम्रो सिकाइ वातावरण निर्माण गर्छ। विद्यार्थीको निर्णय क्षमता र समस्या समाधान गर्ने सिप पनि सुधार गर्छ। उनीहरूले सोचविचार गरेर निर्णय लिन सिक्छन्। समस्याको समाधान आफैं गर्ने उपाय खोज्छन्। भावनात्मक बुद्धिमत्ताले मानसिक स्वास्थ्यमा पनि सकारात्मक असर पार्छ। आजको प्रतिस्पर्धात्मक वातावरणमा आउने तनाव, डर र दबाबलाई व्यवस्थापन गर्न यसले मद्दत गर्छ। भावनात्मक बुद्धिमत्ता प्रबल भएका विद्यार्थीले असफलतालाई निराशाका रूपमा नभई सिकाइको अवसरका रूपमा स्विकार्छन्। यसले उनीहरूलाई अझ बलियो र आत्मनिर्भर बनाउँछ। भावनात्मक बुद्धिमत्ता शिक्षाको महत्वपूर्ण हिस्सा हो। विद्यालयदेखि नै यसको विकासमा ध्यान दिइयो भने विद्यार्थी केवल पढाइमा मात्र होइन; जीवनका हरेक क्षेत्रमा सक्षम, जिम्मेवार र सन्तुलित व्यक्ति बन्न सक्छन्। भावनात्मक बुद्धिमत्ता केवल आधुनिक अवधारणा होइन, यसको अभ्यास र महत्व प्राचीन कालदेखि नै विभिन्न धार्मिक तथा पौराणिक ग्रन्थहरूमा पाइन्छ। विशेष गरी महाभारतमा वर्णित पात्र र घटनाले भावनात्मक सन्तुलन, आत्मचेतना र सम्बन्ध व्यवस्थापनका महत्वपूर्ण पाठ सिकाउँछन्। यी उदाहरण आज २१ औँ शताब्दीको शिक्षामा भावनात्मक बुद्धिमत्ताको महत्व बुझ्न उपयोगी छन्। महाभारतमा श्रीकृष्णको चरित्र भावनात्मक बुद्धिमत्ताको उत्कृष्ट उदाहरण हो। उनले कठिन र तनावपूर्ण परिस्थितिमा पनि धैर्य, संयम र बुद्धिमानीपूर्ण सोच देखाएका छन्। युद्ध जस्ता जटिल परिस्थितिमा पनि उनले भावनामा नबगी परिस्थिति बुझेर सही मार्गदर्शन दिएका छन्। यसले हामीलाई कठिन परिस्थितिमा पनि भावनालाई नियन्त्रण गरेर सही निर्णय लिन सकिने वास्तविकता सिकाउँछ। अर्जुनको प्रसङ्ग आत्मचेतना र भावनात्मक सन्तुलनको उत्कृष्ट उदाहरण हो। महाभारतमा श्रीकृष्ण र अर्जुनको सम्बन्ध केवल मित्रता मात्र होइन, आत्मिक सहयात्रा हो। कृष्ण अर्जुनका मार्गदर्शक, सारथि, दार्शनिक गुरु र आत्मीय साथी थिए; जसले धर्म र कर्तव्यबोधको मार्ग देखाए। युद्धभूमिमा आफ्नै नातेदारसँग लड्नुपर्ने परिस्थितिले अर्जुनलाई अन्योलमा पाऱ्यो। उनले आफ्नो भावना दबाउनुको सट्टा स्वीकार गरे र श्रीकृष्णसँग मार्गदर्शन लिए। आफ्नो भावना बुझ्नु र सही सहयोग खोज्नु पनि भावनात्मक बुद्धिमत्ताको महत्वपूर्ण पक्ष हो। दुर्योधनको चरित्र भावनात्मक बुद्धिमत्ताको अभावको उदाहरण हो। उनको घमण्ड, रिस र ईर्ष्या नियन्त्रणमा नआउनु नै उनको पतनको कारण बन्यो। उनले आफ्ना नकारात्मक भावनाहरूलाई व्यवस्थापन गर्न नसक्दा गलत निर्णयहरू गरे जसले ठूलो नोक्सान निम्त्यायो। यसबाट स्पष्ट हुन्छ, भावनालाई नियन्त्रण नगर्दा जीवनमा गम्भीर समस्या आउन सक्छ। भावनात्मक बुद्धिमत्तासम्बन्धी शिक्षा प्राचीन ग्रन्थहरूमा उल्लेख पौराणिक सन्दर्भहरूसँग आधुनिक शिक्षालाई जोडेर पढाउँदा विद्यार्थी भावनात्मक रूपमा सन्तुलित, जिम्मेवार र सही निर्णय लिन सक्षम हुन्छन्। आधुनिक मनोविज्ञानमा भावनात्मक बुद्धिमत्ताको अवधारणालाई विकास र लोकप्रिय बनाउन प्रमुख भूमिका खेल्ने विद्वान्हरूमध्ये अमेरिकी मनोवैज्ञानिक डेनियल गोलम्यान अग्रपङ्क्तिमा पर्छन्। उनले आफ्नो प्रसिद्ध कृति 'इमोसनल इन्टेलिजेन्स' मार्फत इआईलाई विश्वव्यापी रूपमा परिचित गराउँदै सफल जीवनका लागि केवल बौद्धिक क्षमता मात्र पर्याप्त नहुने तर्क प्रस्तुत गरेका छन्। उनका अनुसार व्यक्तिको दीर्घकालीन सफलता, नेतृत्व क्षमता र राम्रो सम्बन्ध निर्माणमा भावनात्मक बुद्धिमत्ताको भूमिका महत्वपूर्ण हुन्छ। यसले शिक्षामा पनि विद्यार्थीको भावनात्मक र सामाजिक सिप विकास गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ। अमेरिकी मनोवैज्ञानिकद्वय पिटर सालोवे र जोन डी मेयरले भावनात्मक बुद्धिमत्तालाई व्यक्तिको सामाजिक र भावनात्मक क्षमताका आधारका रूपमा व्याख्या गरेका छन्। उनीहरूको विचार अनुसार पनि भावनात्मक बुद्धिमत्ता भनेको आफ्ना तथा अरूका भावनालाई सही रूपमा पहिचान गर्ने, बुझ्ने र व्यवस्थापन गर्ने क्षमता हो। यसले व्यक्तिको व्यवहार, निर्णय प्रक्रिया र सम्बन्धमा प्रत्यक्ष प्रभाव पार्छ। उनीहरूको अनुसन्धानले पनि शिक्षामा भावनात्मक बुद्धिमत्तालाई समावेश गर्नु आवश्यक र प्रभावकारी हुने कुरा स्पष्ट बनाएको छ।

### *अन्तर्राष्ट्रिय अभ्यास*

आजको विश्वमा भावनात्मक बुद्धिमत्तालाई शिक्षाको महत्वपूर्ण हिस्सा मानिन्छ। शैक्षिक, सामाजिक र भावनात्मक सिकाइका लागि भनेर खोलिएका संस्थाले सामाजिक-भावनात्मक शिक्षालाई विद्यालय तहमा लागु गर्न विश्वव्यापी अभियान सञ्चालन गरिरहेका छन्। यस कार्यक्रमले विद्यार्थीमा आत्मचेतना, सहानुभूति, जिम्मेवारी र सम्बन्ध व्यवस्थापन जस्ता जीवनोपयोगी सिप विकास गर्न जोड दिन्छ। विकसित देश संयुक्त राज्य अमेरिका र फिनल्यान्डमा विद्यालय शिक्षामा केवल किताबी ज्ञान मात्र होइन, जीवनोपयोगी सिप र मानसिक स्वास्थ्यलाई पनि विशेष प्राथमिकता दिइएको छ। त्यहाँको शिक्षण प्रणालीले विद्यार्थीको समग्र विकासलाई मुख्य लक्ष्य बनाएको हुन्छ। यसका लागि विभिन्न आधुनिक शिक्षण विधि अपनाइन्छ, जस्तै- समूह कार्य, परामर्श सेवा, गतिविधिमा आधारित शिक्षण। यी विधिले विद्यार्थीलाई व्यावहारिक अनुभवमार्फत सिक्न मद्दत गर्छन् र उनीहरूको भावनात्मक बुद्धिमत्ता विकासमा महत्वपूर्ण भूमिका खेल्छन्। भावनात्मक बुद्धिमत्ता आधुनिक शिक्षाको अनिवार्य अङ्ग हो। यसले विद्यार्थीलाई केवल पढाइमा मात्र होइन, जीवनका सबै क्षेत्रमा सक्षम, सन्तुलित र सफल बनाउँछ। अन्तर्राष्ट्रिय अभ्यासहरूले यसलाई स्पष्ट रूपमा देखाउँछन्।

### *सिकाइमा भावनात्मक बुद्धिमत्ता*

भावनात्मक रूपमा सन्तुलित विद्यार्थी सिकाइ प्रक्रियामा धेरै प्रभावकारी हुन्छन्। जब विद्यार्थीको मनस्थिति स्थिर र सकारात्मक हुन्छ; उनीहरूले सजिलै ध्यान केन्द्रित गर्न, सिकेका कुरा राम्रोसँग सम्झन र सिर्जनात्मक रूपमा सोच्न सक्छन्। भावनात्मक बुद्धिमत्ताले विद्यार्थीलाई आफ्ना भावना बुझ्न र नियन्त्रण गर्न सहयोग गर्ने भएकाले सिकाइप्रतिको दृष्टिकोण पनि सकारात्मक हुन्छ।

सकारात्मक भावना जस्तै उत्साह, आत्मविश्वास र जिज्ञासाले सिकाइलाई अझ प्रभावकारी बनाउँछ। यस्तो अवस्थामा विद्यार्थी नयाँ कुरा सिक्न इच्छुक हुन्छन्। उनीहरू कक्षामा सक्रिय रूपमा सहभागी हुन्छन् र चुनौतीलाई अवसरका रूपमा लिन्छन्। विद्यार्थीले असफलताबाट डराउने होइन, त्यसबाट सिक्ने बानी विकास गर्छन्। यसले दीर्घकालीन सिकाइलाई बलियो बनाउँछ।

नकारात्मक भावना जस्तै डर, तनाव, चिन्ता वा निराशाले सिकाइमा बाधा पुऱ्याउन सक्छन्। यस्ता भावनाले विद्यार्थीको ध्यान भङ्ग गर्छ, सम्झने क्षमता कमजोर बनाउँछ र आत्मविश्वास घटाउँछ। यसले गर्दा उनीहरू सिकाइप्रति अनिच्छुक हुन सक्छन् र आफ्नो क्षमता पूर्ण रूपमा देखाउन सक्दैनन्। भावनात्मक बुद्धिमत्ताको विकासले सिकाइलाई सहज, प्रभावकारी र दिगो बनाउँछ। जब विद्यार्थीले आफ्ना भावनालाई सन्तुलित राख्न सिक्छन्; उनीहरू शैक्षिक रूपमा मात्र नभई जीवनका हरेक क्षेत्रमा सक्षम, आत्मविश्वासी र सफल बन्न सक्छन्।

### *अन्त्यमा*

भावनात्मक बुद्धिमत्ता आजको शिक्षाको एक महत्वपूर्ण र अनिवार्य पक्ष बनेको छ। प्राचीन गुरुकुल शिक्षादेखि आधुनिक विद्यालयसम्म, यसले विद्यार्थीको बौद्धिक, सामाजिक र भावनात्मक विकासमा निरन्तर भूमिका खेलेको छ। शिक्षा केवल किताबी ज्ञानमा सीमित नभई जीवनोपयोगी व्यावहारिक सिपसँग पनि जोडिनु पर्छ। २१ औँ शताब्दीको प्रतिस्पर्धात्मक संसारमा शैक्षिक उपलब्धिसँगै विद्यार्थीले आफ्ना भावना बुझ्ने, तिनलाई सन्तुलित रूपमा व्यवस्थापन गर्ने, सहकार्य गर्ने र चुनौती सामना गर्ने क्षमता पनि विकास गर्न आवश्यक छ। यस्ता सिपले उनीहरूलाई आत्मविश्वासी, जिम्मेवार र सहनशील बनाउँछ। विद्यालय र विश्वविद्यालयले भावनात्मक बुद्धिमत्तालाई शिक्षाको अभिन्न अङ्गका रूपमा समावेश गर्नु आवश्यक छ। यसले सक्षम मात्र होइन; संवेदनशील, नैतिक र जिम्मेवार नागरिक निर्माण गर्न मद्दत गर्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानले हर्मुजलाई "ब्ल्याकमेल" गर्ने स्रोतका रूपमा प्रयोग गर्नु हुँदैन : कतार

***दोहा, वैशाख २९ गते।*** मध्यपूर्व युद्ध सुरु भएदेखि नै अवरुद्ध गरेको 'स्ट्रेट अफ होर्मुज' लाई खाडी मुलुकलाई ब्ल्याकमेल गर्ने माध्यमका रूपमा प्रयोग गर्न नहुने कतारका उच्च अधिकारीले मङ्गलबार बताउनुभएको छ।

प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले दोहामा टर्कीका विदेशमन्त्री हाकान फिदानसँग पत्रकार सम्मेलन गर्दै भन्नुभयो, "इरान-अमेरिका वार्तामा मध्यस्थकर्ताको रूपमा देखा परेका छन् ।" मन्त्रीथानीले भन्नुभयो, "इरानले खाडी देशलाई दबाब दिन ९ब्ल्याकमेल गर्न० यो स्ट्रेटलाई हतियारको रूपमा प्रयोग गर्नु हुँदैन ।" उक्त अवसरमा फिदानले पनि हर्मुजलाई 'हतियारको रूपमा प्रयोग गरिनु नहुने कतारको भनाइप्रति समर्थन जनाउँदै दवाव दिने नाममा अन्तर्राष्ट्रिय जलमार्ग अवरोध हुँदा यसको प्रभाव निर्दोष र इरानको समर्थक राष्ट्रले पनि भोग्नुपरेको उहाँले टर्कीएको राष्ट्रिय भाषामा गरेको सम्बोधनको अरबी




अनुवादका उल्लेख छ। तेहरानले आफूमाथि थोपरिएको युद्धपछि अमेरिकी सम्पत्तिका साथै नागरिक पूर्वाधार, विमानस्थल र ऊर्जा सुविधालाई पनि निशाना बनाएको छ । स्ट्रेट अफ हर्मुजको नाकाबन्दीले विश्वको तेल र प्राकृतिक ग्यासको पाँच भागको लगभग एक भाग इन्धनको ढुवानीलाई प्रभावित पार्छ। यसले ऊर्जाका लागि धनी खाडीको लागि महत्त्वपूर्ण समुद्री निर्यात पनि रोकेको छ, जसले उनीहरूको अर्थव्यवस्थालाई तनाव दिएको छ । शान्ति वार्तामा कतारको बढ्दो भूमिकाबारे प्रकाश पार्दै शेख मोहम्मदले हालैका दिनमा आफूले गरेको संयुक्त राज्य अमेरिकाको भ्रमणले युद्ध अन्त्यका लागि मध्यस्थताको प्रयासलाई बलियो बनाउन खोजेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो भ्रमण मुख्यरूपमा पाकिस्तानी कूटनीतिक प्रयासलाई समर्थन गर्ने र सकेसम्म चाँडो समाधानमा पुग्ने यी प्रयासको सकारात्मक प्रतिक्रिया सुनिश्चित गर्ने कुरामा केन्द्रित थियो ।" फिदानले भन्नुभयो, "अङ्कारा, कतार र साउदी अरब 'विशेष गरी जारी वार्ताको सम्बन्धमा' युएई र कुवेतलगायत अन्य खाडी देशसँग निकट सम्पर्कमा छन् ।

## हमासले गाजा युद्धका बन्दकमाथि चरम यौन हिंसा गरेको छ : इजरायली रिपोर्ट

***जेरुसेलम, वैशाख २९ गते।*** हमास र यसका सहयोगीले सन् २०२३ अक्टोबर-७ मा भएको आक्रमण पछि गाजामा बन्धक बनाएका बन्दक विरुद्ध चरम यौन हिंसा गरेको स्वतन्त्र इजरायली अनुसन्धान आयोगले मङ्गलबार जारी गरेको रिपोर्टमा उल्लेख गरेको छ । सन् २०२३ अक्टोबर-७ मा हमासद्वारा नियन्त्रणमा लिएका महिला र बालबालिका विरुद्ध गरेको अपराध सम्बन्धी नागरिक आयोगको प्रतिवेदनले गाजा पट्टीमा युद्धको क्रममा बन्दक बनाएका विरुद्ध भएको यौन हिंसाको स्तर निर्धारण गर्न संयुक्त राष्ट्र सङ्घसहितका अनुसन्धान निकायमा आग्रह गरेको छ । दुई वर्षको स्वतन्त्र अनुसन्धानपछि उक्त आयोगले यौन र लैङ्गिक हिंसा अक्टोबर ७ को आक्रमणपछि बन्दकका लागि अस्वस्थ अवस्था रहेको जनाएको छ । अपहरण, स्थानान्तरण र कैदको समयमा आक्रमणका स्थान र चरणमा, हमास र यसका सहयोगीले पीडित विरुद्ध यौन दुर्व्यवहार र यातना जारी राखेको प्रतिवेदनमा भनिएको छ । अन्वेषकले अनुसन्धानमा



आवासीय समुदाय, नोभा सङ्गीत महोत्सव मैदान र वरपरका क्षेत्र, सडक र आश्रय, सैन्य प्रतिष्ठान, र पीडितको शवसहितका विभिन्न सामग्री प्रयोग गरेको बताएका छन् । रिपोर्टले तथ्यात्मक दस्तावेजमा आधारित रहेको उल्लेख गर्दै यसमा साक्षीको अन्तर्वार्ता, फोटो, भिडियो, आधिकारिक रेकर्ड, र आक्रमण स्थलबाट अन्य प्राथमिक सामग्री समावेश रहेको प्रतिवेदनमा भनिएको छ। समग्रमा, आयोगले ४३० वटा भन्दा बढी औपचारिक र अनौपचारिक अन्तर्वार्ता, प्रशंसापत्र सत्र, र बचेका, साक्षी, फर्केका बन्धक, विशेषज्ञ र परिवारका सदस्यसँग छलफल गरेको बताएको छ । नागरिक आयोगको निष्कर्षले यी अपराध युद्ध अपराध, मानवताविरुद्धको अपराध, र अन्तर्राष्ट्रिय कानुन विरुद्धका कार्य भएको औंल्याएको छ । हमासले भने सन् २०२३ देखि नै बारम्बार आरोपको अस्वीकार गर्दै आएको छ । यसैबिच इजरायलले लामो समयदेखि संयुक्त राष्ट्र सङ्घ र प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनलाई सन् २०२३ अक्टोबर ७ को घटनापछि भएका यौन घटनासँग सजग नरहेको भन्दै यसको निन्दा गर्न ढिलो भएको आरोप लगाएको छ। रिहा गरिएका बन्धकको प्रत्यक्ष विवरणको आधारमा कैदको समयमा मिसन टोलीले स्पष्ट र विश्वस्त जानकारी दिँदै बलात्कार, यौन यातना, र क्रूर, अमानवीय व्यवहार भएको रिपोर्टमा उल्लेख गरेको छ ।

## कांग्रेसमा...

कार्यसमिति सदस्य मनोनयनप्रति असन्तुष्टि जनाउँदै निर्णय प्रक्रियामै प्रश्न उठाएका छन्।

जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै निधिले सभापति गगन थापाले १९ जना केन्द्रीय सदस्य मनोनयन गर्दा आफूहरू तथा सम्बन्धित पक्षसँग कुनै छलफल नगरेको आरोप लगाए। उनका अनुसार यस्तो निर्णय एकपक्षीय ढंगले भएको र पार्टीभित्र आवश्यक समन्वय नदेखिएको अवस्था स्पष्ट भएको छ।

निधिले कांग्रेसभित्र अझै पनि आन्तरिक रूपमा चौधौँ महाधिवेशन पक्षधर र विशेष महाधिवेशन पक्षधरबीच स्पष्ट मतभेद कायम रहेको बताए। उनले दुई पक्षबीच सहमति र मेलमिलाप भइसकेको भन्ने दाबी गलत भएको उल्लेख गर्दै वास्तविक स्थिति अझै जटिल रहेको टिप्पणी गरे।

उनका अनुसार हालै गरिएको मनोनयनले पार्टीभित्रको विवाद समाधानभन्दा पनि थप असन्तोष बढाउने सम्भावना रहेको छ। उनले मनोनयन भएका केही नेताहरू आफ्नै व्यक्तिगत निर्णयका आधारमा अर्को पक्षमा गएको हुन सक्ने समेत संकेत गरे।

यसअघि सोमबार सभापति थापा नेतृत्वले महेन्द्र यादव, सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, चन्द्रकान्त भण्डारी, जीवन परियारलगायत १९ जनालाई केन्द्रीय कार्यसमिति सदस्यमा मनोनयन गरेको थियो।

यो मनोनयनपछि कांग्रेसभित्र नेतृत्व, निर्णय प्रक्रिया र आन्तरिक समन्वयबारे पुनः बहस चर्किएको देखिएको छ।

## अर्घाखाँची...

मेडिकल कलेज प्रभास, पाल्पा तथा भैरहवा मेडिकल कलेजमा भइरहेको प्रहरीले जनाएको छ। केही घाइतेलाई थप उपचारका लागि भैरहवा रिफर गरिएको छ।

प्रहरीका अनुसार दुर्घटनामा परेका धेरैजसो यात्रु पर्वतको मोदी गाउँपालिकाका हुन्। प्रारम्भिक अनुमानअनुसार बसको ब्रेक फेल भएर दुर्घटना भएको हुन सक्ने बताइएको छ। बस करिब १०० मिटर तल खसेको थियो।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सिमरामा...

कार्यालय, गुणस्तर तथा नापतौल कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधिहरू सहभागी थिए। यसअघि सोमबार गरिएको अनुगमनमा पनि दुई पसललाई कुल ७० हजार रुपैयाँ जरिवाना गरिएको थियो। प्रशासनले उपभोक्ताको हित संरक्षण तथा बजारमा अनुशासन कायम गर्न यस्ता अनुगमन निरन्तर सञ्चालन गरिने जनाएको छ।

## खुला...

कर्मचारी बिदामा बस्दा प्रहरी ड्युटीमै हुन्छ। यस्तो दबाब र आर्थिक अभावले केही व्यक्तिलाई अतिरिक्त आम्दानीतर्फ आकर्षित गर्ने वातावरण बनेको देखिन्छ। तर राज्यले दिन नसकेको सुविधा पूरा गर्न भ्रष्टाचार वा तस्करीलाई माध्यम बनाउनु अन्ततः राष्ट्रकै लागि घातक हो।

सबैभन्दा ठूलो प्रश्न उठ्छ–यदि कानुनी भन्सार व्यवस्था छ भने किन अवैध बाटो रोजिन्छ ? यसको उत्तर कर नीति, प्रशासनिक जटिलता र कमजोर कार्यान्वयनमा लुकेको छ। कतिपय व्यापारीहरू उच्च भन्सार दर, झन्झटिलो प्रक्रिया, ढिलो काम र अनावश्यक कागजी प्रक्रियाबाट दिक्क हुन्छन्। भन्सारबाट सामान ल्याउँदा समय र लागत दुवै बढ्ने भएकाले अवैध बाटो रोज्ने प्रवृत्ति बढेको छ। जब कानुनी बाटोभन्दा अवैध बाटो सहज र लाभदायक देखिन्छ, तब तस्करी मौलाउँछ। नेपाल-भारत खुला सीमाना पूर्ण रूपमा बन्द गर्नु समाधान होइन। खुला सीमाले लाखौं नागरिकको दैनिक जीवन, व्यापार र सामाजिक सम्बन्ध जोडेको छ। तर खुलापनको नाममा राज्य निरीह बन्नु पनि उचित होइन। प्रविधिमैत्री निगरानी, पारदर्शी भन्सार प्रणाली, कडा कानुनी कार्यान्वयन, सुरक्षाकर्मीको सेवा-सुविधा सुधार र राजनीतिक संरक्षण अन्त्य नगरेसम्म तस्करी नियन्त्रण सम्भव देखिँदैन।

आज तस्करी केवल आर्थिक अपराधको विषय रहेन, यो राज्यको कमजोरी, प्रशासनिक असफलता र नैतिक संकटको संकेत बनेको छ। जब सीमामा इमानदार व्यापारीभन्दा तस्कर बलियो हुन्छ, जब भन्सारभन्दा अवैध बाटो सजिलो हुन्छ, जब सुरक्षाकर्मीमाथि जनताको विश्वास कमजोर बन्छ–त्यसले राष्ट्रको भविष्यप्रति गम्भीर प्रश्न खडा गर्छ। त्यसैले तस्करी नियन्त्रण केवल प्रहरीको जिम्मेवारी होइन, यो राज्य, राजनीति, प्रशासन र समाज सबैको साझा परीक्षा हो।

## तेलकुवा...

खुलेआम मापदण्ड मिचिरहेका छन्। यता डिभिजन वन कार्यालय बाराले भने वातावरणीय मापदण्डविपरीत काम भए कडा कारबाही हुने चेतावनी दिएको छ। डिभिजन वन अधिकृत सुजीत कुमार झाद्वारा हस्ताक्षरित पत्रमा क्रसर सञ्चालनका लागि मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयको स्वीकृति अनिवार्य रहेको उल्लेख गरिएको छ।

स्थानीयहरूले तेलकुवा र आसपास सञ्चालनमा रहेका सबै क्रसर उद्योगको निष्पक्ष छानबिन, राजस्व परीक्षण, दर्ता तथा नवीकरणको अवस्था सार्वजनिक गर्न तथा चुरे दोहनमा संलग्नमाथि तत्काल कडा कारबाही गर्न माग गरेका छन्।

## बारामा...

जिल्लाको समग्र नतिजा हेर्दा ३.६ देखि ४ जिपिए ल्याउने ३०६ विद्यार्थी, ३.२ देखि ३.६ जिपिए ल्याउने १ हजार ५४ विद्यार्थी र २.८ देखि ३.२ जिपिए ल्याउने १ हजार ५ सय ३५ विद्यार्थी रहेका छन्।

कम उत्तीर्ण दरले जिल्लाको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने आवश्यकता देखिएको सरोकारवालाहरूको भनाइ छ। उनीहरूका अनुसार सिकाइ वातावरण, शिक्षक व्यवस्थापन र नियमित अनुगमनमा सुधार आवश्यक छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# "संख्याको दम्भमा विधि मिच्न हुँदैन": सरकारलाई प्रचण्डको चेतावनी

**२९ बैशाख, काठमाडौं ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक ‍पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारलाई "संख्याको दम्भमा विधि मिच्ने काम नगर्न" चेतावनी दिएका छन्।




प्रतिनिधिसभामा मंगलबार सम्बोधन गर्दै प्रचण्डले सरकारले संसद् छलेर अध्यादेश ल्याउने, आलोचकहरूमाथि प्रतिशोधपूर्ण शैलीमा धरपकड गर्ने तथा सरकारको आलोचना गर्ने व्यक्तिहरूलाई थुन्ने जस्ता गतिविधि देखिएको आरोप लगाए। उनले यस्ता कार्य लोकतान्त्रिक अभ्यासविपरीत भएको बताए।
उनका अनुसार संसदमा बहुमत हुनु स्थायी शक्ति होइन र जनताको समर्थन पनि सधैं स्थिर रहँदैन। उनले २०६४ सालको उदाहरण दिँदै माओवादीले बहुमत पाए पनि त्यसलाई दीर्घकालीन रूपमा जोगाउन नसकेको स्मरण गराए।
प्रचण्डले निषेध, अपमान र प्रतिशोध होइन, सरकार र विपक्षबीच विश्वास तथा सहकार्यलाई प्राथमिकता दिनुपर्ने सुझाव दिए।
त्यसैगरी उनले सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई "कर्मकाण्डी र यथास्थितिवादी" भन्दै आलोचना गरे। उनका अनुसार नीति तथा कार्यक्रमले सत्तारुढ दलको घोषणा, रोडम्याप र राष्ट्रिय संकल्पको भावना समेट्न सकेको छैन।
संविधान संशोधन संवेदनशील विषय भएको उल्लेख गर्दै उनले यसलाई हल्का रूपमा नलिन आग्रह गरे। भूराजनीतिक अवस्थाका कारण बाह्य दबाब र हस्तक्षेप बढिरहेको भन्दै उनले राष्ट्रिय हित, आत्मसम्मान र स्रोत-साधनको संरक्षणका लागि एकता आवश्यक रहेको बताए।
प्रचण्डले संसद्को गरिमा र मर्यादा सुदृढ नगरेसम्म लोकतान्त्रिक प्रणाली कमजोर हुने चेतावनी दिँदै प्रधानमन्त्रीले संवैधानिक मर्यादा पालना गर्नुपर्नेमा जोड दिए।
उनले वर्तमान संसदलाई शहीदहरूको बलिदानको उपज भन्दै यसले परिवर्तनको परिणाम प्रतिनिधित्व गरेको पनि उल्लेख गरे।

# प्रधानमन्त्रीमाथि हर्क साम्पाङको आलोचना: "जनताका प्रश्नबाट पन्छिनु भयो"

**२९ बैशाख, काठमाडौं ।**
प्रतिनिधिसभा बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले प्रधानमन्त्री बालेन्द्र शाहप्रति आलोचना गर्दै उनी जनताको प्रश्नबाट टाढा बस्न खोजिरहेको आरोप लगाएका छन्।




साम्पाङका अनुसार सरकारप्रति नागरिकका धेरै गम्भीर प्रश्नहरू उठिरहेका छन्, तर प्रधानमन्त्रीले ती प्रश्नहरूको स्पष्ट जवाफ नदिएको कारण जवाफदेहितामाथि प्रश्न उठेको छ। उनले संसदमा उपस्थित भएर वा पत्रकार सम्मेलनमार्फत भए पनि जनताका सवालहरूको उत्तर दिनुपर्ने बताए। उनले जनताले असुरक्षा महसुस गरिरहेको दाबी गर्दै, सरकार सीमासुरक्षा र सार्वजनिक सुरक्षामा कमजोर देखिएको टिप्पणी पनि गरे। साथै, उत्तर नदिनु नेतृत्वको कमजोरी भएको उनको भनाइ छ।
त्यसैगरी, राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले पनि अव्यवस्थित बस्तीमा डोजर चलाउने कार्यप्रति असन्तुष्टि जनाएका छन्। उनले कमजोर वर्गका बस्ती भत्काइँदा सरकारले संवेदनशीलता देखाउनुपर्ने भन्दै, शक्ति र पहुँच भएका व्यक्तिहरूमा भने समान कारबाही नहुने आरोप लगाए। शाहीले बागमती किनारका बस्ती हटाउँदा प्रभावित नागरिकप्रति सरकार संवेदनशील हुनुपर्ने आवश्यकता औंल्याएका छन्।

# कांग्रेसमा मनोनयन विवाद : निधिको असहमति

**२९ बैशाख, काठमाडौं ।**
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले पार्टीको केन्द्रीय कार्यसमिति सदस्य मनोनयन प्रक्रियाप्रति असन्तुष्टि जनाएका छन्।




जनकपुरधाममा सञ्चार कर्मीसँग कुरा गर्दै निधिले सभापति गगन थापाले १९ जना केन्द्रीय सदस्य मनोनयन गर्दा आफूहरूसँग कुनै छलफल नगरिएको भन्दै निर्णयप्रति आपत्ति जनाए। उनका अनुसार यस्तो कदमले पार्टीभित्र समन्वयको कमी देखिएको छ।
निधिले कांग्रेसभित्र अझै पनि चौधौं महाधिवेशन पक्षधर र विशेष महाधिवेशन पक्षधरबीच मतभेद कायमै रहेको उल्लेख गर्दै, दुवै पक्षबीच मेलमिलाप भएको भन्ने धारणा गलत रहेको बताए।
उनले मनोनयन भएका केही नेताहरू आफ्नै व्यक्तिगत निर्णयका आधारमा फरक धारमा गएको हुन सक्ने पनि टिप्पणी गरे। यसअघि सभापति थापाले सोमबार महेन्द्र यादव, सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, चन्द्रकान्त भण्डारी, जीवन परियारलगायत १९ जनालाई केन्द्रीय कार्यसमिति सदस्यमा मनोनयन गरेका थिए।
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले पार्टीको केन्द्रीय

बाँकी तेस्रो पृष्ठमा

# नेपाल–भारतबीच कानुनी सहकार्य विस्तार, लुकाइएको अवैध सम्पत्ति फिर्ता ल्याउने सहज

**२९ बैशाख, काठमान्डौं ।**
नेपाल र भारतबीच सीमापार अपराध नियन्त्रण तथा कानुनी सहयोगलाई संस्थागत गर्ने उद्देश्यले तयार गरिएको 'पारस्पारिक कानुनी सहायता सम्झौता' प्रतिनिधिसभामा पेश गरिएको छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम ले बुधबार सदनमा उक्त सम्झौता टेबल गर्दै यसलाई अपराध नियन्त्रण र आर्थिक पारदर्शितातर्फको महत्वपूर्ण कदमको रूपमा प्रस्तुत गरिन्।



सरकारका अनुसार सम्झौताले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) तथा अन्य फौजदारी अपराधमार्फत विदेशमा पुर्‍याइएका अवैध सम्पत्ति खोजी र फिर्ता ल्याउने प्रक्रियालाई कानुनी आधार दिनेछ। विशेषगरी नेपाल वा भारतमध्ये कुनै एक देशमा अपराध गरेर अर्को देशमा सम्पत्ति लुकाउने प्रवृत्तिलाई रोक्न यो सम्झौता प्रभावकारी हुने अपेक्षा गरिएको छ। मन्त्री गौतमले अपराधीहरूले कानुनी कमजोरीको फाइदा उठाएर सीमापार सुरक्षित आश्रय खोज्ने प्रवृत्ति बढ्दो चुनौती बनेको उल्लेख गर्दै अब दुई देशबीच अनुसन्धान, प्रमाण संकलन, साक्षी बयान तथा अदालती प्रक्रियामा प्रत्यक्ष सहकार्य गर्न सकिने बताइन्। सरकारको दाबी अनुसार यो सम्झौताले आर्थिक अपराधसँगै संगठित अपराध नियन्त्रणमा समेत सहयोग पुर्‍याउनेछ। जटिल प्रकृतिका फौजदारी मुद्दामा अनुसन्धानलाई छिटो, समन्वयात्मक र प्रभावकारी बनाउन यसले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। नेपाल–भारतबीच खुला सीमाको अवस्थालाई ध्यानमा राख्दा यस्तो कानुनी संयन्त्रले अपराध अनुसन्धान र न्याय सम्पादनलाई थप मजबुत बनाउने विश्वास सरकारको छ।

# अर्घाखाँची बस दुर्घटनामा मृतक ४ पुग्यो, २७ जना घाइते

**२९ बैशाख, अर्घाखाची ।**
अर्घाखाँचीको पाणिनी गाउँपालिका-८ दुर्गाफाट कुरुलेफाँट क्षेत्रमा भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या ४ पुगेको छ भने २७ जना घाइते भएका छन्।



सन्धिखर्क-घुम्ती-तानसेन सडकखण्डअन्तर्गत सुपा देउराली दर्शन गरेर पर्वत फर्किँदै गरेको ध १ ख ५०४ नम्बरको बस दुर्घटनामा परेको हो। प्रारम्भमा दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो भने थप दुई जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।
अर्घाखाँचीका प्रहरी प्रमुख डीएसपी दिवसबहादुर जिसीका अनुसार मृत्यु हुनेमा कास्की पोखरा महानगरपालिका-१९ की ७८ वर्षीया राममाया बस्नेत, सोही स्थानकी ७८ वर्षीया बिन्दु कुँवर, पर्वत मोदी गाउँपालिका-५ की ५० वर्षीया कौशिला रेग्मी र बस चालक ४५ वर्षीय रमेश जिसी रहेका छन्।
घाइते २७ जनामध्ये ४ जनाको अवस्था गम्भीर रहेको छ। उनीहरूको उपचार लुम्बिनी

बाँकी तेस्रो पृष्ठमा

# मधेशमा राप्रपाको रिक्त सिटमा सरिता ठाकुर सिफारिस

**संवाहक सम्वादाता**-२९बैशाख, कलैया
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभाको रिक्त समानुपातिक सदस्य पदमा महोत्तरीकी सरिताकुमारी ठाकुरलाई सिफारिस गरेको छ। पार्टीले निर्वाचन आयोगलाई ठाकुरको नाम पठाएको जनाएको छ। यसअघि उक्त पदमा रहेकी कञ्चन विच्छा पार्टीको निर्णयविपरीत मधेश प्रदेश सरकारमा मन्त्री बनेपछि राप्रपाले उनलाई अनुशासन उल्लङ्घनको आरोपमा कारबाही गर्दै सांसद पदबाट फिर्ता बोलाएको थियो। पार्टीको निर्णयविरुद्ध विच्छाले अदालतमा रिट दायर गरे पनि अदालतले रिट खारेज गरेपछि उनको पद स्वतः रिक्त भएको थियो।



रिक्त पदपूर्तिका लागि निर्वाचन आयोगले पत्राचार गरेपछि सोही समानुपातिक क्लस्टरको सूचीमा दोस्रो नम्बरमा रहेकी सरिताकुमारी ठाकुरलाई सिफारिस गरिएको राप्रपाले जनाएको छ। निर्वाचन आयोगले ठाकुरलाई बुधबार प्रदेशसभा सदस्यको प्रमाणपत्र प्रदान गर्ने तयारी गरेको छ। पार्टी नेतृत्वले अनुशासन र निर्णय पालना पार्टी प्रणालीको आधार भएको उल्लेख गर्दै पार्टीको आधिकारिक निर्णयविपरीत कदम चाल्दा कञ्चन विच्छा कारबाहीमा परेको जनाएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।